म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २०७ शनिबार, २१ फागुन २०७८ तृतीया ने. सं. ११४२ सिल्लागा 5 March, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## 'एमसीसीमा "कन्फ्युजन" हट्यो'



काठमाडौं/नेकपा माओवादी केन्द्रकी नेतृ ओनसरी घर्ती मगरले एमसीसीमा १२ बुँदे व्याख्यात्मक घोषणाले यसअघि रहेका 'कन्फ्युजन' हटेको दावी गरेकी छन् । 'एमसीसी जस्ताको तस्तै होइन, १२ बुँदे व्याख्यात्मक घोषणासहित पारित भयो । सार्वभौम संसदले यो जसरी पास गरेको छ, सार्वभौम संसदले पारित गरेको कुरा मलाई सानो लाग्दैन, त्यसकारण १२ बुँदामा स्पस्ट अडान राखिसकेका छौं, अव यसमा कन्फ्युजन रहेन', घर्तीको भनाइ छ ।

माओवादीको जारी केन्द्रीय कमिटी बैठकमा सञ्चार-कर्मीहरूलाई प्रतिक्रिया दिँदै पूर्वसभामुख समेत रहेकी घर्तीले पार्टीभित्र एमसीसीबारे भिन्न मत उठेपनि त्यसबारे पार्टीभित्र छलफल गरेर अघि बढ्ने तयारी भएको बताइन् । *-साभार: रातोपाटी*

## मौलाउँदै अफिम खेती

साझाकुरा संवाददाता



हेटौंडा, २० फागुन/ नेपालमा गाँजालाई वैद्यानिकता दिने चर्चा चलेको लामो समयपछि ऐन कानुन बनाउने तयारी भइरहेको छ ।

गाँजालाई औषधी प्रयोजनको रुपमा वैद्यानिकता दिन आवश्यक ऐन बनाउने सरकारले तयारी गरेको हो । गाँजालाई वैद्यानिकता दिने प्रयास भइरहँदा नेपालमा सबैभन्दा धेरै गाँजा उत्पादन हुनेमध्येमा पहिलो रहेको मकवानपुरमा भने पछिल्लो समय अफिम खेती मौलाउन थालेको छ ।

विशेषगरी जिल्लाको पश्चिमी क्षेत्रमा पछिल्लो समय अफिम खेती मौलाउन थालेको हो । २/३ वर्षअघिदेखि सुरु भएको अफिम खेतीले गाँजालाई बिस्थापित गर्ने अवस्थामा पुगिसकेको छ । अफिमको मूल्य महँगो र ढुवानी गर्न पनि सहज र सरल हुने भएकाले लागूऔषध तस्करको उक्साहटमा मकवानपुरको राक्सिराङ र कैलाश गाउँपालिकाका अधिकांश भागमा अफिम खेती मौलाएको हो ।

गाँजा खेती नष्ट गर्न गएका प्रहरी टोली अफिम खेती देखेर अचम्ममा परेको बताइएको छ । लागूऔषध ब्युरो काठमाडौं, बागमती प्रदेश दंगा नियन्त्रण हेटौंडा र जिल्ला प्रहरी कार्यालय हेटौंडाको संयुक्त प्रहरी टोली दुई साताअघि राक्सिराङ र कैलाश गाउँपालिकामा गाँजा खेती नष्ट गर्न गएका थिए । तर, सोचेअनुसार गाँजा खेती नभेटिएको प्रहरीको भनाइ छ ।

कृषकहरूले गाँजा पाकेर भित्र्याइसकेका छन् । अधिकांशले बिक्री पनि गरिसकेका छन् । तर, अफिम भर्खरै फुल्दैछ । राक्सिराङ गाउँपालिकाको साविकको खैराङ, राक्सिराङ र सरिखेत पलाँसे गाविसका अधिकांश भाग अफिम खेतीले ढाकेको छ । अफिम खेती गर्न गाँजाको जस्तो ब्याँड राख्न पर्दैन । तोरीजस्तै खेतबारीमा छरेपछि आफैं उम्रने र फुल्ने गर्छ । अफिम खेती गर्न गाँजालाई भन्दा बढी चिस्यान चाहिन्छ । साविकको राक्सिराङ गाविसमा सबैभन्दा धेरै अफिम खेती गरिएको छ ।

भदौ अन्तिमदेखि असोज पहिलो सातासम्ममा खेतबारीमा अफिमको बीउ छर्ने गरिन्छ । माघको अन्तिम सातादेखि फागुनको पहिलो सातासम्म अफिमको फूल फुल्छ । त्यही फूललाई चिरेर चोप निकालेर संकलन गर्ने गरिन्छ । एक कठ्ठा खेतबारीमा लगाएको अफिमको बोटबाट एक केजीभन्दा बढी अफिम उत्पादन हुन्छ । गतवर्ष अफिम प्रतिकेजी दुईलाख ५० हजार रुपियाँमा बिक्री भएको स्थानीयको भनाइ छ ।

प्रहरीले चालु आवमा राक्सिराङ र कैलाश गापामा दुईसय ९२ बिघामा लगाइएको गाँजा र अफिम खेती नष्ट गरिसकेको छ । राक्सिराङ र कैलाश गाउँपालिकामा लगाइएको अफिम तत्काल नियन्त्रण नगरे विकराल रुप लिने प्रहरीको भनाइ छ । गाँजा खेती र ओसार पसारमा संलग्न राक्सिराङ र कैलाश गाउँपालिकाका तीन सय जनाभन्दा बढी व्यक्ति विभिन्न कारागारमा छन् ।

## मध्यवर्ती सामुदायिक वनको अधिकारका लागि महासंघले पहल गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ पर्सा राष्ट्रिय निकुन्जले सामुदायिक वनको अधिकारमाथि हस्तक्षेप गरेको भन्दै सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरले समन्वयकारी भूमिका निर्वाह गर्ने भएको छ । शुक्रबार महासंघको कार्यालय, हेटौंडामा भएको सरोकारवालाहरुको बैठकमा बोल्दै महासंघ, मकवानपुरका अध्यक्ष साधुराम चौलागाईले समुदायको अधिकार स्थापित गर्न महासंघ सदैव समुदायको साथमा रहने बताए ।

कार्यक्रममा मध्यवर्ती सामुदायिक वनका अध्यक्षहरुले समूहको स्वीकृत विधान र कार्ययोजनाअनुसार काम गर्न नपाएको, उपभोक्ताहरुलाई घाँस, दाउरा र काठको प्रयोग गर्नबाट बञ्चित गराएको गुनासो गरेका थिए । उनीहरुले परापूर्व कालदेखि आफूहरुले भोगचलन गर्दै आएको वनमा निकुन्जका कर्मचारीले उपयोग गर्नबाट रोकेकोमा दुःखेसो पोखे ।

अनावश्यकरुपमा आफूहरुलाई कहिलेकाहि निकुन्जका कर्मचारीहरुले बन्धक बनाउने गरेको भन्दै मध्यवर्ती सामुदायिक वनका पदाधिकारीहरुले वनमा उपभोक्ताहरुको सहज पहुँचको लागि महासंघले नेतृत्वदायी भूमिका खेल्न आग्रह गरे ।

कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघ, बागमती प्रदेशका सचिवालय सदस्य रामहरि चौलागाई, महासंघ, मकवानपुरका कोषाध्यक्ष बलराम अधिकारी, स्थानीय महासंघ, हेटौंडाका अध्यक्ष शम्भुप्रसाद न्यौपाने, मनहरीका अध्यक्ष हेमलाल उप्रेती, आदिवासी जनजाती महासंघ, मकवानपुरका सदस्य कृष्ण राई, विभिन्न मध्यवर्ती सामुदायिक वनका अध्यक्षहरु, सञ्चारकर्मीलगायत सहभागी थिए ।

महासंघले निकुन्जलाई दबाब दिन फागुन २७ गते मनहरीको रजैया र २८ गते पदमपोखरीमा व्यापक जनपरिचालनमूलक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको महासंघ मकवानपुरकी सहजकर्ता अञ्जली थापाले बताइन् ।

## सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३००

## चार वर्षमा हेटौंडामा एक सय २९ किलोमिटर सडक पक्की

साझाकुरा संवाददाता



हेटौंडा उपमहानगरपालिका वडा नं. १ भैरबडाँडाबाट नकौली जाने बाटो ढलान गरिँदै । यसवर्षमात्र यो क्षेत्रमा करिब एक किलोमिटर स्ल्याब ढलान भएको छ । *तस्वीर: साझाकुरा*

हेटौंडा, २० फागुन/ कच्ची सडकमुक्त अभियानमा लागेको हेटौंडा उपमहानगरपालिकाले चार वर्ष अवधिमा एकसय २९ किलोमिटर सडक पक्की गरेको छ ।

हेटौंडाको १९ वटै वडामा एकसय २९ किलोमिटर सडक पक्की भएको कार्यालयले जानकारी दिएको छ । जसमध्ये सबैभन्दा धेरै सडकमा स्ल्याब ढलान गरिएको छ । कालोपत्रेभन्दा स्ल्याब ढलान गर्दा कम खर्च लाग्ने र टिकाउ पनि हुने भएकाले हेटौंडाका नगर प्रमुख हरिबहादुर महतले स्ल्याब ढलानलाई प्राथमिकतामा राखेका थिए । उपमहानगरको साविक गाविस (गाउँक्षेत्र) र नगरमा स्ल्याब ढलान भएका छन् । नगरकै कतिपय स्थानमा कालोपत्रे पनि गरिएको छ ।

सडक नपुगेका र कच्ची भएका स्थानमा सडक कालोपत्रे र स्ल्याब ढलान भएको हो । आर्थिक वर्ष २०७४ सालदेखि २०७७/०७८ सम्मको तथ्याङ्कलाई हेर्दा १९ वटै वडामा उपमहानगरपालिकाको लगानीमा एकसय २९ किलोमिटर कच्ची सडकलाई पक्की गर्न सकिएको नगर प्रमुख महतले बताए । महतका अनुसार एकसय २९ किलोमिटर सडक उपमहानगरले गरेको र संघीय तथा प्रदेश सरकारको बजेटबाट पनि एकसय भन्दा धेरै किलोमिटर सडक पक्की गरिएको छ । उनले हेटौंडामा पर्ने राजमार्ग र ठूला सडकमा संघीय सरकारको लगानीमा सडक निर्माण भएको छ ।

स्थानीय सरकार गठन भएपछि नागरिकले विकासको अनुभुति गर्न पाएको महतले बताए । उनले जनताको प्रत्यक्ष सुविधासँग जोडिएर उपमहानगरले काम गरेको बताए । 'विगतको तुलनामा पाँचवर्षको बीचमा धेरै काम गरिएको छ । सबैभन्दा धेरै १९ वटै वडामा बजेटको शिलिङ तोकेर काम गरिएको छ भने उपमहानगरपालिका, प्रदेश सरकार बाट त्यतिकै काम भएको छ । अहिले टोलटोलमा पक्की सडक निर्माणले गर्दा नागरिकले सरकार घर आँगनमा आएको अनुभुति गर्न पाएका छन्', महतले दाबी गरे ।

हेटौंडा-१७ राजदेवीमा सडक पक्की नहुँदा जनताले धेरै कष्ट सहेर आवतजावत गर्नुपरेको बाध्यतालाई हटाउन स्ल्याब ढलान गरिएको महतले बताए । हेटौंडामा चार वर्षको अवधिभित्र एकसय २६ किलोमिटर दुईसय ११ मिटर कच्ची सडकमा स्लाब ढलान गरिएको कार्यालय प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईले जानकारी दिए । स्ल्याब गर्न उपमहानगरपालिकाले कूल एक अर्ब २० करोड ९५ लाख छ हजार बजेट खर्च गरेको उनले बताए । चार वर्षमा एक हजार २८ स्थानमा स्ल्याब ढलान गरिएको चौलागाईले जानकारी दिए ।

नगरभित्र १७ स्थानमा दुई किलोमिटर छसय ७१ मिटर सडक कालोपत्रे गरिएको छ । कालोपत्रे गर्दा तीन करोड १६ लाख ३६ हजार रुपियाँ खर्च गरिएको कार्यालयले जनाएको छ ।

हेटौंडाको १ नम्बर वडामा भौगोलिकरुपले विकट छ । १ नम्बरका वडा अध्यक्ष सबिन न्यौपानेले उपमहानगरपालिकाको बजेटलाई व्यवस्थापन गर्दै विकट स्थानमा स्ल्याब ढलान गरेका छन् । विकट गाउँमा नयाँ सडक ट्र्याक खोलेका छन् । १ नम्बर वडामा खानेपानी, सडक, विद्यालय शिक्षाको गुणस्तरीयतामा ध्यान दिएर काम गरिएको वडा अध्यक्ष न्यौपानेले बताए । वडा अध्यक्ष न्यौपानेकै पहलमा हेटौंडा-१ स्थित चौकीटोलबाट मैनटार लालझाडी जोड्ने पक्की पुल निर्माण सुरु गरिएको छ ।


हेटौंडा-१८ हर्नामाडी क्षेत्रमा सडक निर्माणले व्यापकता पाएको वडा अध्यक्ष अनिल बानियाँले बताए । १८ नम्बर वडामा विशेषत: रिङरोड, दोभान चौर, एक्ले खेत, भित्री सडकहरु पक्की निर्माण गर्ने काम भएको अध्यक्ष बानियाँले बताए । चालू आर्थिक वर्ष २०७८/०७९ मा हेटौंडाका सबै वडामा थप ३० किलोमिटर कच्ची सडकलाई पक्की गर्ने काम भइरहेको उपमहानगरपालिकाका योजना महाशाखाका प्रमुख इन्जिनियर सत्यनारायण साहले जानकारी दिए ।

नगरभित्र ९९ स्थानमा ८४ किलोमिटर नौसय ६ मिटर सडक मर्मत गरिएको छ । सडक मर्मतमा मात्र कूल ११ करोड ९७ लाख ४९ हजार रुपियाँ खर्च गरिएको कार्यालयले जनाएको छ । महतले नगर प्रमुख भएपछि बजार क्षेत्रका साँघुरो गल्लीलाई फराकिलो गर्ने अभियान चलाएका थिए । जसअन्तर्गत् खोपगल्ली, पारिजातपथ, स्कुलरोड, अजरअमर रोड, भैरबरोड, नगरपालिकारोडलगायत थुप्रै क्षेत्रमा सडक फराकिलो बनाइएको थियो । हेटौंडा ७ र ८ नम्बर वडामा पर्ने सडकमा स्ल्याब ढलान गरेर फराकिलो स्तरीय सडक निर्माण गरिएको छ ।

## घडेरी बिक्रीमा

जिल्ला : मकवानपुर

हेटौडा उपमहा नगरपालिका वडा नं. १



सम्पर्क नं.: ९८४५१०३६६३

९८११८९५४६२, ९८५५०७३६६९ हेटौडा-५

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# टिकटकमा अब १० मिनेटसम्मको भिडियो पोस्ट गर्न सकिने





काठमाडौं/चिनियाँ भिडियो एप टिकटक अहिले संसारमै सर्वाधिक डाउनलोड हुनेमध्ये एक एप हो । पछिल्ला वर्षमा नेपालमा पनि यसको लोकप्रियता बढिरहेको छ । छोटो भिडियो प्लेटफर्मको रुपमा यसलाई सबै उमेर र वर्गका मानिसले रुचाएका छन् ।

सर्वसाधारणदेखि राजनीतिज्ञसम्मले टिकटक अकाउण्ट खोलेका छन् । तर अब भने टिकटकले आफ्नो प्लेटफर्ममा १० मिनेटसम्मको भिडिओ अपलोड गर्ने सुविधा उपलब्ध गराएको छ । टिकटकको यो निर्णयलाई लिएर विश्वभरका प्रयोगकर्ताबाट मिश्रित प्रतिक्रिया आइरहेको छ ।

प्रविधि सम्बन्धी समाचार संस्था द भर्जसँग कुरा गर्दै टिकटकका प्रवक्ताले १० मिनेटसम्मको भिडियो राख्न मिल्नेबारे जानकारी गराएका छन् । यो फिचरको सुरुवात गर्न पाउँदा आफूहरु निकै उत्साहित भएको उनले बताएका छन् । यो निर्णयले विश्वभरका क्रिएटरलाई थप रचनात्मक बन्न भूमिका खेल्ने अपेक्षा कम्पनीले लिएको उनले जनाए । टिकटकमा सुरुमा १५ सेकेन्डको भिडियो अपलोड गर्न सकिन्थ्यो । यसपछि ६० सेकेन्ड हुँदै तीन मिनेटसम्मको भिडियो पोस्ट गर्न सकिने सुविधा थपिएको थियो । अन्य भिडियो सेयरिङ प्लेटफर्मसँग प्रतिस्पर्धा गर्ने रणनीतिले टिकटकले भिडियो अवधि थप गरेको जनाइएको छ । *-साभार: अनलाईनखबर*

# गर्भनिरोधक साधन र स्थायी बन्ध्याकरण महिलाको ठेक्का !



सिन्धुलीकी ३१ वर्षीया मनिता मोक्तान (नाम परिवर्तन) एक छोरी र एक छोराकी आमा हुन् । 'दुई सन्तान, ईश्वरका वरदान' भनेझैं उनी स्थायी बन्ध्याकरण गरेर सुखी जिन्दगी बिताउन चाहन्छिन् । तर श्रीमान्ले इजाजत नदिदा करिब ६ वर्षको अवधिमा उनले दुई पटक गर्भपतन गराइसकिन् । उनका श्रीमान्ले स्थायी बन्ध्याकरण गरे तिमीलाई गाह्रो हुन्छ भन्दै बारम्बार अस्थायी साधन प्रयोगमै जोड दिन्छन् ।

'फरक फरक अस्थायी साधन प्रयोग गर्दा शारीरिक रुपमा कमजोर महशुस हुन्छ । तर श्रीमान्ले न स्थायी बन्ध्याकरण गर्न दिन्छन्, न त अस्थायी साधनको प्रयोग गर्न मान्छन् । अब सन्तानको रहर पुगिसक्यो ।' मोक्तानले भनिन् । ३६ बर्षीया सपना प्रधान तीन सन्तानकी आमा हुन् । यस बीचमा उनले पनि दुइपटक गर्भपतन गराइ सकिन् । उनका श्रीमान प्राय: रोजगारको सिलसिलामा विदेश बस्छन्, बर्षमा डेढ/दुई महिना घर आउँछन् । घर आउँदा श्रीमान्लाई उनले कन्डमको प्रयोग गर्न आग्रह गर्दा समेत मान्थेनन् । स्थायी बन्ध्याकरणको त कुरै सुन्न मन पराउँदैनथे ।

सो अवधिमा विभिन्न किसिमका गर्भनिरोधक साधन प्रयोग गर्थिन् । प्रधानले गर्भ निरोधकका साधन श्रीमान बसुन्जेल प्रयोग गर पनि शारीरिक पीडा भने श्रीमान पुन: घरमा फर्किने बेलासम्म भोग्न पर्थ्यो । किनभने न त महिनावारी सही समयमा हुन्थ्यो, महिनावारी हुँदा कहिले धेरै रगत बग्ने, कहिले वजन बढ्ने कहिले घट्ने, चक्कर आउने हुँदा शारीरिक रुपमा कमजोर भइन् । अहिले पाठेघरमा नै समस्या देखिएपछि चिकित्सकले अप्रेशनको सल्लाह दिएका छन् । उनी भन्छिन्, 'जव मैले गर्भपतन गराएँ, आराम गर्न पाइनँ । शरीर कमजोर हुँदा पनि बाबुनानी ख्याल गर्नुपर्यो । पाठेघरमा समस्या भएकाले अप्रेशन गर्ने अवस्थामा पुगें ।'

**पुरुषभन्दा महिला चार गुणाले बढी**

मनिता मोक्तान र सपना प्रधान त उदाहरण मात्र हुन्, जसलाई सन्तानको रहर पुगिसक्दा पनि स्थायी बन्ध्याकरण गर्ने इजाजत छैन । गर्भ निरोधक साधन प्रयोग गर्ने पुरुषभन्दा महिला चार गुणाले बढी छन् । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य क्षेत्रमा महिलाहरु स्वनिर्णय गर्न नसक्ने भएकाले अस्थायी बन्ध्याकरण र स्थायी परिवार नियोजन गर्ने महिलाको संख्या बढेको हो । लामो समयदेखि महिला स्वास्थ्य र विकासमा काम गर्दै आएकी योशानकी सहसंस्थापक नर्स दुर्गा सापकोटाले गर्भनिरोधक साधनका नाममा विश्वमा नै महिलाको शरीरमाथि शोषण भइरहेको बताउँछिन् । उनका अनुसार गर्भनिरोधक साधनको प्रयोग र स्थायी बन्ध्याकरण अपवादमा बाहेक स्वनिर्णय नभई महिलाको लागि बाध्यता भएको छ । स्वास्थ्य विभाग अन्तर्गतको परिवार कल्याण महाशाखाको तथ्यांकलाई केलाउँदा पनि नेपालमा गर्भ निरोधक साधन प्रयोग गर्ने र स्थायी साधन प्रयोग गर्ने महिला बढी छन् । यस वर्ष ११ लाख ४४ हजार ८३५ जना पुरुष र महिलाले गर्भनिरोधक साधन प्रयोग गरेका थिए । जसमा अस्थायी साधनको प्रयोगकर्ता जम्मा १ लाख ६२ हजार ५३९ जना मात्र पुरुष रहेका छन् । जसले गर्भनिरोधक विधि कन्डम प्रयोग गरे । परिवार कल्याण महाशाखाका अनुसार २०७६-७७ मा २४ लाख ४४ लाख ४१७ जनाले स्थायी र अस्थायी साधन प्रयोग गरेको पाइएको छ । स्थायी बन्ध्याकरण गर्ने १२ लाख ९९ हजार ५५२ छन्, जसमा महिलाको संख्या ९ लाख ९२ हजार ३६ तथा ३ लाख ७ हजार ५१६ पुरुषले बन्ध्याकरण गरेका छन् ।

परिवार योजना तथा प्रजनन् स्वास्थ्य शाखा प्रमुख कविता अर्यालका अनुसार गर्भनिरोधकका साधनका प्रकार पुरुषको भन्दा महिलाको बढी भएकाले महिलाको संख्या बढी देखिनुका कारणमध्ये एक हो । महिलाले गर्भ निरोधकका लागि प्रयोग गर्ने साधन इम्प्लान्ट, खाने चक्की (पिल्स), तीन महिने सुई (डिपो सुई), आईयुसीडी छ । पुरुषका लागि कण्डम मात्रै हो ।

**बलपूर्वक गर्भनिरोधक साधनको प्रयोग**

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ मा परिवार नियोजनको अधिकारमा बलपूर्ण लिखित मन्जुरीबिना परिवार नियोजनका साधन प्रयोग गराउन नहुने उल्लेख छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ को दफा २ को (ङ) र (च) ले गर्भ निरोधकको बारेमा परिभाषा गर्दै दफा ३ को उपदफा (१) ले प्रत्येक महिला तथा किशोर किशोरीलाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि शिक्षा, सूचना परामर्श तथा सेवा प्राप्त गर्ने अधिकार स्पस्ट व्यवस्था गरिएको उल्लेख छ ।

प्रत्येक महिलाले आत्मसम्मानपूर्वक गुणस्तरीय तथा छनौटका विकल्प सहितको प्रजनन स्वास्थ्य सेवा पाउने, सेवा प्रदायक चिकित्सक, स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले थोपरेको नभई यससम्बन्धि शिक्षा, सूचना, परामर्श तथा सेवा आत्मसम्मानपूर्वक पाउने र छनौट गर्न पाउने अधिकार हुन्छ । नेपालमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार विषयमा शिक्षा प्रवाह अतिआवश्यक पर्ने अर्यालको भनाइ छ । नेपालको सन्दर्भमा प्रजनन् स्वास्थ्यसम्बन्धी कानूनी व्यवस्था राम्रो भएपनि व्यवहारिक रुपमा लागू नभएको अधिवक्ता सविन श्रेष्ठ बताउँछन् । नेपालमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ अनुसार नेपाली नारीले स्वेच्छाले यसको प्रयोग गर्न पाएका छैनन् ।

**३७.४ प्रतिशतले लिए परिवार नियोजन सेवा**

सात प्रदेशमा परिवार नियोजन सेवा औसतमा ३७.४ प्रतिशतले लिएका छन् । जसमा सबैभन्दा बढी मधेश प्रदेशबाट ४३.५ प्रतिशतले तथा सबैभन्दा कम बाग्मती प्रदेशमा ३१.७ प्रतिशतले सेवा लिएका छन् । क्रमश: प्रदेश नम्बर १ मा ३९.७ प्रतिशत, गण्डकीमा ३२.८ प्रतिशत, लुम्बिनीमा ३७.३ प्रतिशत, कर्णालीमा ३५.६ प्रतिशत र सुदूरपश्चिममा ३५.६ प्रतिशतले परिवार नियोजन सेवा लिएका छन् । २० बर्ष नपुग्दै बच्चा जन्माउँदा आमा र बच्चा स्वस्थ्य नहुने चिकित्सकहरु बताउँछन् । त्यसैले, नेपालमा नारा छ, 'बिहेवारी, बीस वर्ष पारी ।' कानुनत: नपाइए पनि नेपालमा २० वर्ष नपुग्दै विवाह भएको धेरै पाइन्छ । परिवार योजना तथा प्रजनन् स्वास्थ्य शाखा प्रमुख अर्यालका अनुसार कम्तीमा दुई वर्षको जन्मान्तर कायम गरेको खण्डमा मातृ मृत्यु दर ३० प्रतिशतसम्म तथा शिशु मृत्यु दर १० प्रतिशतसम्म घटाउन सकिन्छ ।

योशानका सहायक संस्थापक सापकोटा भन्छिन्, 'जहिले पनि महिलाको शरीरलाई उपभोग र नियन्त्रण गरिएको छ । विश्वमा नै परिवार नियोजनको साधन प्रयोग गर्ने महिलाको मात्र जिम्मेवारी हो जस्तो गरिएको छ ।' परिवार नियोजनका साधन महिलालाई मात्रै लक्षित गरी बनाइएको उनको जिकिर छ ।

- साभार: रातोपाटी

# साहित्य

## लोभको परिणाम



सुम्निमा अधिकारी
कक्षा : ९, नवोदय शिशु सदन

एकादेशमा एउटा सानो तर सुन्दर गाउँ थियो । गाउँ मात्र सुन्दर नभई त्यहाँको रैथाने पनि सुन्दर मन भएका थिए । उनीहरु बाहिरी आकर्षणमा विश्वास राख्दैन थिए । उनीहरु सबै एक परिवार जसरी बस्थे, कसैले कसैको रिस गर्दैन थिए । त्यहाँ कोही माथि दुर्व्यवहार भएमा सारा गाउँ एक अर्काका लागि आवाज उठाउन जान्थे । त्यहाँको वातावरण धेरै राम्रो थियो । गाउँलाई हराभरा रुख, बोटविरुवाले घेरेको थियो । त्यहाँ धेरै मठ-मन्दिर र बगैंचाहरु पनि थिए ।

त्यहाँ एउटा मनिष नाम गरेको बगैंचाको मालिक बस्थ्यो । उसको आफ्नो एउटा सुन्दर बगैंचा थियो । उसले आफू बगैंचाको मालिक भएकोमा धेरै घमण्ड गर्थ्यो । ऊ बगैंचाको मालिक थियो तर यो विश्व नै उसको भएको जस्तो रवैया देखाउँथ्यो । ऊ आफूले केही राम्रो काम गरेमा सबैलाई सुनाउँथ्यो तर कसैलाई मद्दत भने गर्दैन थियो । ऊ अरुसँग केही लिन परे खुसीसाथ लिन्थ्यो तर दिन भने जान्दैन थियो । ऊ जस्तो भएनि आफ्नो बगैंचालाई धेरै माया गर्थ्यो । आफ्नो बगैंचालाई उसले दुलही सरी सजाएको थियो । उसको बगैंचा धेरै ठूलो र सुन्दर थियो । उसको बगैंचा जङ्गल छेउमा थियो त्यसैले त्यहाँ धेरै बाँदरहरु आउने गर्थे । उसको बगैंचामा धेरै जस्तो आँप, केरा, स्याउ, खरबुजा आदि फल्थ्यो । अचम्मको कुरा त यो हो कि उसको बगैंचामा बाह्रै महिना आँप र केरा भने फल्थ्यो ।

एकदिनको कुरा हो, मनिष आफ्नो बगैंचाका लागि बोटविरुवाको बीउ लिन बजार गएको थियो । ऊ बगैंचामा नभएको देखेर बाँदरहरु मौकामा चौका हान्न बगैंचामा पुगे । त्यहाँ ५ जना बाँदरको फौज पुगेर एउटा एउटा रुखमा चढे । उनीहरुले एउटा एउटा आँप टिपे र एक अर्कालाई हेर्दै भने 'वाह ! साथीहरु कस्तो ठूलो आँप । यसलाई खाए त कति मिठो हुन्छ हगी ?' अर्को बाँदरले थप्यो 'कस्तो अनुमति पर्खिएको त खाऔं न त छिट्टै ।' सबै बाँदर हरुले खाए र एकै स्वरमा भने 'आहा ! कति मिठो आँप अर्को पाए कति रमाइलो होला ।' सबै बाँदरहरुले अर्को पनि टिपे र खान सुरु गरे । एउटा बाँदरले भन्यो 'छिटो खाओ साथीहरु यहाँको मालिक आयो भने अँध्यारो मुख लगाउँदै कराउँछ त्यो बाँदरले यति भन्न नपाउँदै त्यहाँ मनिष आइपुग्यो । दिनभरिको चर्को घामले उसको दिमाग तातिरहेको थियो झन बाँदरहरुले आँप खाएको देख्दा त उसले रिसले आँखा देखेन । उसले बाँदरहरुलाई थर्काउन लाग्यो ।

उसले भन्यो 'ए दामनाहरु ! अर्काको बारीमा आएर यसरी चोरेर खान लाज लाग्दैन ।' एउटा बाँदरले जवाफ फर्कायो 'तिम्रो आँप नै त खाएका छौ नि हामीले तिमी त हिरा मोती खेदेको जस्तो कराउँछौ त ।' बाँदरको यो कुरा सुनेर उसलाई झन् रिस उठ्यो र उसले भन्यो 'अरुको बगैंचामा आएर यसरी खानु भनेको हिरा मोती खानु सरी हो ।' उसको कुरा एउटा बाँदर लाई चित्त बुझ्दैन र भन्छ 'हामीले दुईटा आप खाँदा तिमी किन यति लोभ गर्छौ तिम्रो बगैंचामा त बाह्रै महिना आँप फल्छ । तिमी मरेर जाँदा यो आफू सँगै लाने हो र ?' मनिषले उनीहरुलाई जवाफ दिन सक्दैन र त्यहाँबाट भगाइदियो ।

दुई दिनपछि मनिषले आफ्नो बगैंचाको हेरचाह गर्न एउटा माली राख्छ । मालीले आफ्नो काम राम्रोसँग गर्छ । ऊ दिनरात मिहेनत गरेर बगैंचाको सुरक्षा गर्छ । उसले एकदिन मनिषलाई सोध्छ 'मालिक तपाईले यो आँपको के गर्नु हुन्छ ? न त आफू खानुहुन्छ न त बेच्नु हुन्छ ।' मनिषले जवाफ दियो 'तँ आफ्नो कामसँग काम राख । तेरो काम बगैंचाको हेरचाह गर्ने हो, तँ त्यही गर् । बुझिस् ?' यति भनेसि मनिष बजार गयो ।

मनिष गएपछि मालीले गएर आँप खान्छ र मनिष आउनुभन्दा अगाडि आफ्नो काममा लाग्यो । मनिष आएपछि मालीले उसलाई सोध्यो 'तपाईंको बगैंचामा यति मिठो आँप कसरी फल्यो ?' मनिषले रिसले सोध्यो 'तैंले मेरो आँप खाइस् ?' मालीले फेरि भनी 'मलाई माफ गर्नुस् मालिक । यो ठूलो र रसिलो आँप देखेर मैले आफूलाई खानबाट रोक्नै सकिनँ ।' मनिषले उसलाई कामबाट निकाल्यो ।

मनिष त्यो दिनदेखि आफ्नै बगैंचामा माली बनेर काम गर्छ । उसको आफ्नो बोटहरुमा कीरा लाग्छ र उसले कीरा मार्न मट्टितेल रुखमा छर्किन्छ । उसले मट्टितेल रुखमा हाल्दा आफ्नो कपडामा मट्टितेल परेको थाहा पाउँदैन र रुखलाई जलाउने क्रममा आफू पनि जलेर मर्‍यो ।

## लघुकथा
## चलाख केटो



शिक्षा भुषाल
कक्षा ४, नवोदय शिशु सदन


एकादेशमा एउटा गाउँ थियो । त्यो गाउँमा एउटा सानो घर थियो । त्यो घरमा राहुल र राहुलको बुबा मात्र बस्नु हुन्थ्यो । राहुलकी आमाको राहुल सानै हुँदा मृत्यु भएको थियो । राहुलकी आमाको मृत्यु भएपछि उनीहरु गरिब हुन थाले तर उनीहरु गरिब भएपनि गाई वस्तु पालेका थिए ।

एकदिनको कुरा हो । राहुलको बुवालाई एक्कासि रक्तचाप बढ्यो । अनि राहुललाई बोलाएर राहुलको बुबाले भन्नुभयो छोरा मलाई रक्तचाप बढ्यो । म गाईवस्तु चराउन जान सकिनँ । आज तिमी जाऊ है बाबु घाँस त काटेर ल्याएँ तर गाईवस्तु चराउन जान सकिनँ । राहुलले पनि हस् बाबा म गाईवस्तु चराउन जान्छु हजुर आराम गर्नु है । म गाईवस्तु चराएर आउँछु भन्यो । राहुलको बुबाले मनमनै भन्नुभयो । मेरो कति ज्ञानी छोरा, राहुल, गाईवस्तु चराउन गाईहरुलाई लिएर जङ्गलतिर गयो । ऊ बाबाको अगाडि मात्र ज्ञानी थियो । अरुको अगाडि नराम्रो काम गर्दै बस्थ्यो । ऊ धेरै चलाख पनि थियो । जङ्गलमा पुगेपछि एक घण्टा गाईवस्तु चरायो तर राहुलको बुबाले २ घण्टा चराएर आउनु भन्नुभएको थियो । उसले सोच्यो, अब म अरुलाई मूर्ख बनाउँदै बस्छु अनि चिच्याउन थाल्यो । सर्प आयो सर्प आयो भन्दै चिच्यायो अनि गाउँलेहरु सबै आएर भने खै सर्प ? खै राहुलले भन्यो कुन सर्प हा हा हा मैले तिमीहरुलाई मूर्ख बनाएँ हा.. हाँ... ।

राहुललाई गाउँलेहरुले राम्रो काम र राम्रो कुरा मात्र गर्नुपर्छ भनेर सम्झाए । गाउँलेले सबैकुरा राहुलको बुबालाई भनिदिए । बेलुका गाईवस्तु चराएर राहुल घर फर्कियो । राहुलको बुबाले राहुललाई घरमा देखेपछि बुबाले सोध्नुभयो, बाबु राहुल आज कस्तो भयो गाईवस्तु चराउँदा ? बुबाको कुरा सुनेर रमाइलो भयो राहुलले भन्यो । राहुल तिम्रो बारमा राम्रो कुरा सुन्छु त तिमीले त आज गाउँलेहरुलाई सहयोग गरेछौ रे ।

आज गाउँलेहरुलाई कसरी सर्पबाट बचायौ ? बुबाको कुरा सुनेर राहुलले सोच्यो, आज मैले गाउँलेहरुलाई मूर्ख बनाएको कुरा थाहा भयो होला बुबालाई । अब बुबालाई मैले सत्य कुरा सुनेर माफी माग्छु । आज मैले झुटो कुरा बोलें । मलाई माफ गरिदिनु बुबा राहुलले भन्यो । छोराको कुरा सुनेर मुसुक्क राहुलको बुबा हाँस्नु भयो । उनीहरु मिलेर बसे ।

## त्यस्तो फिदा बनाउनी के रैछ



पम्फा थापा मगर

हामी दुईलाई मायामा तारौं
तिमलाई लाँदा हुनि भो अप्ठयारो ।
पानी कल्को
तिम्रै छ झझल्को ।।

मेरो नाम त लेख्दिनि धेरै छ
त्यस्तो फिदा बनाउनि के रैछ ।
पानी कल्को
तिम्रै छ झझल्को ।।

तिम्रो नाम त मुटुमा लेखि
रत्यउलीमा भेटेको दिनदेखि ।
पानी कल्को
तिम्रै छ झझल्को ।।

हिम्मत भएन कसैले छुनि
फुल्दै गर्‍या कोपिला मै हुँनि ।
पानी कल्को
तिम्रै छ झझल्को ।।

नानी तिम्ले के कुरा गर्‍या हो
तिम्रो रुपले म लठ्ठै पर्‍या हो ।
पानी कल्को
तिम्रै छ झझल्को ।।

के भनेको ए मायाँ हजुर
त्यति सारै राम्रो त काँ छुर ।
पानी कल्को
तिम्रै छ झझल्को ।।

## कविता
## मुर्कुट्टा



डा.गणेशकुमार पौडेल

त्यो बिकृति र बिनासकारी हो
त्यो समाजकै विखण्डन चरित्र हो
फटाहाको बोलबालाको नाइके
टोल महल्लाको मुर्कुटा हो ।

मुर्कुट्टा आयो सबलाई छलेर
छटपट्टि र डाहा भो मनै पोलेर
राम राम भन्दै सबलाई छुरा घस्छ
लोलो पोतो कुरा गर्छ मिठो बोलेर

ऊ आफ्नो मात्र उन्नति खोज्छ
ऊ आफ्नो मात्र प्रगति रोज्छ
त्यो बिखण्डे मुर्कुट्टाले अर्काको जग्गामा
सांद सारी जवरजस्ती जोत्छ

जीवनमा दु:ख पिडा धेरै नै पाइयो
खानसम्म हण्डर जीवनमा खाइयो
अपराधी मुर्कुट्टाले सांद लुटि खायो
न्याय खोज्न धेरै धाउँनसम्म धाइयो

त्यो गोरु हो साउनमा आँखा फुटेको
त्यसको मस्तिष्कका नसा जदित सबै टुटेको
दुनियाको पेटमा लात हानेर हास्ने
त्यो मुर्कुट्टाले सबैको भाग्य लुटेको

नियम कानुन सबै मिचेको छ
घिच्न समम काट्टो घिचेको छ
त्यो मुर्कुट्टाले संकटमा पारि
सदियारलाई थिचेको छ ।

वेदना त्यो छचल्किदा समाज सामु पोखे
आफूलाई शान्ती पाउन कविता नै लेखें
बाटो काट्यो अपराधलि बिहान सबेरै
साहित बिग्रयो आज मेरो मुर्कुट्टा देखे

सन्सारमा देख्नु पर्ने कुरा लेखिराकै छ
समाजमा लेख्नु पर्ने कुरा लेखिराकै छ
त्यहि भएर होला त्यो मुर्कुट्टाले
नहुने काम गर्न अघि सरेकै छ


कहिले गुनगुनाएर हिड्छ
कहिले भनभनाएर हिड्छ
त्यो मुकुट्टा गाली गलौज गर्दै
अपराधी पन देखाएर हिड्छ

घिनलाग्दो अनुहार छदैछ
बनकरले झै जिउनार गर्दैछ
मुर्कुट्टा आफै पनि हेर
आपसी खिचातानीमा दौड्दै छ

समाज धारासायी बनाउदै छ
हरेक दिन पतालमा घस्तैछ
बलत्कारी मुर्कुट्टाले गर्दा
सबैलाई भ्रममा हिडाएको छ

चुपचाप बस्छ बोल्दैन मुर्कुट्टो
आँखा चिम्लिन्छ त्यो हेर्दैन मुर्कुट्टो
समाजमा भएको बेला गाउँमा
सभा सम्मेलनमा पस्दैन मुर्कुट्टो

## वासना छर्नु पो जिन्दगी



रवि प्राञ्जल

फूलझैं वासना छर्नु पो जिन्दगी ।
गर्वले वन्दना गर्नु पो जिन्दगी ।

भोकमा, शोकमा, पर्छ जो कष्टमा
स्नेहले कष्ट त्यो हर्नु पो जिन्दगी ।

मातमा लड्दै मर्छ जो मूर्ख हो
होशमै शानले मर्नु पो जिन्दगी ।

खै कहाँ रोकियो आँसुको मूल यो ?
आँसुमै चढ्नु र झर्नु पो जिन्दगी ।

जिन्दगी भास हो, जिन्दगी धाप हो
यत्नले धाप त्यो तर्नु पो जिन्दगी ।

# कान्स फेस्टिभल र एमी अवार्डमा रुसी फिल्मलाई बहिष्कार गर्ने निर्णय



काठमाडौं/युक्रेन र रुसबीच अहिले युद्ध जारी छ । यो लडाइँका कारण रुसको मनोरञ्जन उद्योग समेत प्रभावित बनेको छ । डिज्नी र नेटफि्लक्सपछि अब चर्चित एमी अवार्ड र कान्स फिल्म फेस्टिभलले पनि रुसी फिल्मलाई बहिष्कारको घोषणा गरेका छन् ।

द नेसनल एकेडेमी अफ टेलिभिजन आर्ट्स एण्ड साइन्सेज अर्थात् एमी अवार्ड २०२२ ले विज्ञप्ति जारी गर्दै रुसी फिल्मलाई बहिष्कार गर्ने निर्णय गरेको छ । रुस सरकारद्वारा लगानी भएका फिल्मलाई मनोनयनमा सहभागी नगराउने निर्णय एमीले गरेको छ ।

एमी अवार्ड्स सामाजिक सञ्जालमा सूचना पोस्ट गर्दै रुस सरकारसँग जोडिएका र उसको लगानीमा सञ्चालित कुनै पनि व्यापारमा भाग लिन नसकिने जनाएको छ । यस वर्षको संस्करणमा सबै रुसी फिल्मलाई अयोग्य घोषणा गरिएको एमीले जनाएको छ । एमीसहित विश्व प्रतिष्ठित कान्स फिल्म फेस्टिभलले पनि रुसी फिल्मलाई बहिष्कार गर्ने घोषणा गरेको छ । आगामी मे महिनामा हुने कान्सको संस्करणमा रुसी डेलिगेसन टोलीलाई स्वागत नगरिने निर्णय कान्सले गरेको छ । युद्ध अन्त्य नगरिएसम्म रुसी फिल्मलाई कान्समा भाग लिन अनुमति नदिइने समेत उल्लेख छ । डिज्नीले पनि आफ्नो ठूलो फिल्म टर्निङ रेडलाई रुसमा रिलिज नगर्ने निधो गरेको छ । यसअघि वार्नर ब्रोजले पनि द ब्याटम्यानको रुस रिलिज स्थगित गरेको छ ।

-साभार: अनलाईनखबर

# ६५ हजारका लागि सर्वोच्च अदालतमा कार्यरत प्रहरी नै बने 'लुटेरा' !



काठमाडौं/'हामी प्रहरी हौं । तपाईंको पसलमा अवैध औषधि बिक्रीवितरण भइरहेको सूचना आएको छ । हामी खानतलासी गर्न आएका हौं' काठमाडौं महानगरपालिका-१६ नयाँबजारस्थित समृध फार्मेसीका सञ्चालक राजेन्द्र साँकीलाई ८ जनाको एउटा समूहले धम्की दियो ।

घटना यही फागुन १८ गते साँझ साढे ७ बजेको हो । प्रहरी भन्दै अनावश्यक धम्की दिँदै खानतलासीसम्म गर्ने बताएपछि साँकी पनि छक्क परे । उनले औषधिको रुपमा नाइट्राभेटहरु पनि बेच्दै आएका थिए । तर उक्त युवाको समूहले भने डाक्टरको अनुमित बिना बेच्न नमिल्ने ती औषधि लागुऔषधको रुपमा बेच्ने गरेको भन्दै अनावश्यक आरोप लगाउँदै साँकीलाई धम्की दिए ।

प्रहरी बताउँदै आएको ८ जनाको समूह मध्ये केहीले साँकीलाई नियन्त्रणमा लिए । खानतलासी गर्नुको साटो उनले लगाएका घडी, खल्तीको मोबाइलसम्म लुट्न सुरु भयो । त्यसपछि ग्लोबल आईएमई बैंकको खाताबाट उनीहरुको इ-सेवा आइडीमा १० हजार, स्टार सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडको खातामा रहेको नगद ३५ सय, कुमारी बैंकको खाताबाट इ-सेवामा पठाउन लगाएर १७ सय समेत प्रहरी भन्दै धम्की दिएको समूहले लुटेको महानगरीय प्रहरी अपराध महाशाखाका एसपी तथा प्रवक्ता कृष्ण कोइरालाले बताए । रकम र नगद गरेर उनीहरुले ६५ हजार रुपैयाँ बराबर लुटपाट गरेको एसपी कोइरालाले बताए ।

खानतलासी गर्छौं भन्दै फार्मेसीमा आएर लुटपाट गरेपछि साँकीलाई उनीहरु प्रहरी हुनेमा आशंका लाग्यो । आफ्नो पसल लुटपाट भएको भन्दै उनले महानगरीय प्रहरी वृत्त सोह्रखुट्टेमा जोहरी दिए । जाहेरी परेको केही दिनमै महानगरीय प्रहरी अपराध महाशाखाको टोलीले उनीहरुलाई पक्राउ गरेसँगै आफूलाई प्रहरी बताउँदै छापा हान्न गएको उक्त समूहबारे पर्दाफास भएको छ ।

बहालवाला प्रहरीदेखि पूर्वप्रहरी समेतेको मिलेमतोमा छापा हान्ने निहुमा लुटपाट भएको उनीहरु पक्राउ परेसँगै खुलेको छ। बुधबार र बिहीबार गरेर काठमाडौं उपत्यकाका विभिन्न ठाउँबाट लुटपाटमा संलग्न भएका बहालवाला प्रहरीदेखि पूर्व प्रहरीसम्मलाई अपराध महाशाखाको टोलीले सार्वजनिक गरेको छ ।

**लागुऔषध मुद्दामा जागिर गएका प्रहरीदेखि बहालवाला प्रहरीसम्म पक्राउ**

पक्राउ परेका मध्ये दुई जना प्रहरी रहेको खुलेको छ । जसमा कन्चनपुरको शुक्लाफाँटा नगरपालिका-४ झलारी घर भई सर्वोच्च अदालत सुरक्षा समन्वय इकाईमा कार्यरत प्रहरी जवान २७ वर्षीय सुवास रतोकीदेखि जुम्लाको गुठिचौर गाउँपालिका-५ घर भएका पूर्वप्रहरी २६ वर्षीय देवीप्रसाद धितालसम्म छन् ।

त्यसैगरी धादिङको धुनुबेशी नगरपालिका-३ का ३० वर्षीय शंकर रेग्मी, डडेलधुराको महाकाली नगरपालिका-२ का २८ वर्षीय हिक्मत महता, कन्चनपुरको शुक्लाफाँटा नगरपालिका-२ झलारीका ३४ वर्षीय मिलन बोहरा, पाँचथरको याङ्क गाउँपालिका-८ का ३२ वर्षीय लिम्बू भनिने भविन्द्र बेगा, दैलेखको नौमुले गाउँपालिका-५ सल्लेरीका २७ वर्षीय जीवन भनिने योगेन्द्रबहादुर चन्द र प्युठानको गौमुखी गाउँपालिका-६ का २१ वर्षीय भिटेन र संगीत थापा नामले चिनिने कमल सुनार छन् । उनीहरुबाट प्रहरीले ११ थान मोबाइल, १ थान घडी, १ थान नागरिकता, ५ थान एटिएम कार्ड र २ थान चेक बरामद गरेको छ ।

**सर्वोच्च अदालतमा कार्यरत प्रहरीकै सहयोगमा लुटपाट**

हाल पक्राउ परेका रेग्मी पटके चोर हुन् । साथै उनी चोरी सम्बन्धीका सूचना बेला-बेला प्रहरीलाई दिएर सहयोग पनि गर्थे । चोरी घटनामै पक्राउ पर्दै जेल जाँदै गर्दा उनको प्रहरीसँग राम्रै हिमचिम भएको थियो । यसरी पक्राउ पर्ने र छुट्ने क्रममा केही समय अघिसम्म अपराध महाशाखामै कार्यरत प्रहरी जवान धितालसँग राम्रै चिनजान भएको थियो । धिताल लागुऔषधका सेवनकर्ता थिए ।

प्रहरी स्रोतका अनुसार गत वर्ष भरतपुर तालिम केन्द्रमा तालिम गर्न गएको बेला धितालको साथबाट तीन पत्ता नाइट्रोभेट लागुऔषध प्रहरीले बरामद गरेको थियो । हिरासतमा राखेर उनीमाथि अनुसन्धान सुरु गरिएको थियो । पछि अदालतको आदेशमार्फत उनी धरौटीमा रिहा भएका थिए भने प्रहरी संगठनले विभागीय कारबाही गर्दै जागिरबाट बर्खास्त गरेको थियो ।

उनै धितालालाई रेग्मीले समृध फार्मेसीले लागुऔषधको रुपमा नाइट्रोभेट बेच्ने गरेको सूचना पुऱ्याएका थिए । त्यसपछि पूर्वप्रहरी धितालकै योजनामा उक्त फार्मेसीमा लुटपाट भएको प्रहरीको भनाइ छ ।

धितालले नै बोलाएपछि बहालवाला प्रहरी जवान रतोकीसमेत लुटपाटमा संलग्न भएको प्रहरी अनुसन्धान अधिकारी बताउँछन् । 'रतोकी र धितालको चिनजान पहिल्यैदेखि थियो । उनै धितालले बोलाएपछि रतोकी पनि गएको देखिन्छ' एक प्रहरी अधिकारीले भने ।

यद्यपी रतोकीले भने आफूलाई लुटपाटको कुनै योजना नै थाहा नभएको र धितालले भेटघाट गर्नुपऱ्यो भनेर बोलाएकाले गएको मात्रै दाबी गर्दै आएका छन् । पक्राउ परेका अन्य व्यक्तिहरु पनि विभिन्न चोरी घटनाहरुमा संलग्न रहेको पाइएको छ । 'उनीहरु दोहोरीतिर काम गर्ने तथा बसपार्क क्षेत्रलाई आधार बनाएर चोरी गर्ने व्यक्तिहरु हुन्' एक अनुसन्धान अधिकारीले भने ।

- साभार: नेपाललाईभ

# आयल निगमले जोगाएको साढे १४ अर्ब शून्यमा झर्दै

काठमाडौं/रूसले युक्रेनमाथि सैनिक हमला गरेपछि अन्तर्राष्ट्रिय बजारमा बढेको पेट्रोलियम मूल्यका कारण नेपाल आयल निगमले वित्तीय संकट झेल्नुपर्ने अवस्था उत्पन्न भएको छ ।

रूसी हमलाको आशंका बढेदेखि नै नेपालको एक मात्र तेल आपूर्तिकर्ता भारतको इन्डियन आयल कर्पोरेसन (आइओसी) ले नेपाललाई बेच्ने पेट्रोलियम मूल्य बढाउँदै लगेको थियो । आइओसीबाट यही फागुन १७ गते प्राप्त नयाँ मूल्यका आधारमा निगमको मासिक घाटा ६ अर्ब रूपैयाँ नाघेको छ । बढ्दो घाटाका कारण साढे १४ अर्ब रूपैयाँको नगद पुँजी कोष रित्तिने अवस्था आएको निगमका निमित्त कार्यकारी निर्देशक सुशील भट्टराईले बताएका छन् ।

यो कोष के हो र निगमले कसरी यो कोष व्यवस्थापन गर्छ भन्ने कुरा हामी बुझौं । निगमले आइओसीबाट प्राप्त मूल्यसूचीका आधारमा आफूलाई चाहिने पेट्रोलियम किन्छ । आइओसीले हरेक पन्ध्र दिनमा नयाँ मूल्यसूची पठाउँछ । तर निगमले हरेक पन्ध्र दिनमा स्थानीय बजार मूल्य समायोजन गर्दैन । यसरी पन्ध्र-पन्ध्र दिनमा मूल्य समायोजन नगर्दा निगमलाई कहिले नाफा हुन्छ, कहिले घाटा हुन्छ ।

नाफा भयो भने उसले नाफा बराबरको रकम आफ्नो नगद पुँजी कोषमा जम्मा गर्छ । त्यस्तो कोषलाई 'मूल्य स्थिरीकरण कोष' भनिन्छ । घाटा भएको अवस्थामा मूल्य समायोजन नगरिँदासम्म त्यही कोषबाट बेहोर्ने चलन छ । जबदेखि अन्तर्राष्ट्रिय बजारमा रूस-युक्रेन युद्धको आशंका मडारिन थाल्यो, तबदेखि आइओसीले पठाउने मूल्यसूची बढ्दै गयो । खासगरी पेट्रोल र खाना पकाउने एलपी ग्यासमा निगमले उच्च घाटा बेहोर्दै आएको छ । यी दुवै इन्धनको मूल्य केही समययता बारम्बार वृद्धि गरिए पनि लागतअनुसार समायोजन भएको छैन ।

नयाँ मूल्यअनुसार समायोजन गर्ने हो भने पेट्रोलमा एकैचोटि २० रूपैयाँ, डिजेलमा १६ रूपैयाँ र एलपी ग्यासमा प्रतिसिलिन्डर ६६५ रुपैयाँ बढाउनुपर्ने अवस्था छ जुन तत्कालको तरल राजनीतिक अवस्थामा सम्भव छैन । लागतअनुसार मूल्य समायोजन गर्न नसक्दा स्थिरीकरण कोष रित्तिने अवस्था आएको भट्टराई बताउँछन् ।

निगममा २०७१ सालबाट मूल्य स्थिरीकरण कोषको थालनी भएको हो । सुरूआतमा बिक्रीको शून्य दशमलव पाँच प्रतिशत रकम कोषमा जम्मा गरिन्थ्यो । त्यसको तीन वर्षपछि २०७४ बाट बिक्रीको एक प्रतिशत जम्मा गर्न थालियो । निगमका अनुसार २०७१ यता मूल्य स्थिरीकरण कोषमा साढे १४ अर्ब जम्मा भएको थियो । पछिल्लो समय आइओसीलाई तिर्न नपुग रकम त्यही कोषबाट झिकेर दिँदा अब ६ अर्ब रूपैयाँ मात्र बाँकी रहेको निमित्त कार्यकारी निर्देशक भट्टराईले जानकारी दिए ।

'यो ६ अर्ब पनि अर्को महिना आइओसीलाई भुक्तानी गरेपछि सकिन्छ । त्यसपछि हाम्रो कोष शून्यमा झर्छ । अनि हरेक महिनाको घाटा कसरी पूर्ति गर्ने टुंगो लागिसकेको छैन,' भट्टराईले भने, 'हामीले आइओसीलाई समयमै पैसा तिर्न सकेनौं भने उसले ब्याज लिँदै जान्छ ।' उनका अनुसार अर्को महिना आइओसीलाई भुक्तानी गरेपछि निगमसँग एक पैसा मौज्दात हुने छैन। सरकारले या त लागतअनुरूप मूल्य समायोजन गर्नुपर्ने वा घाटा बराबर रकम सहयोग गर्नुपर्ने उनले बताए । अहिलेको अन्तर्राष्ट्रिय ट्रेन्डअनुसार लागतअनुसार मूल्य वृद्धि गर्दै जाने हो भने उपभोक्ताले धान्नै नसक्ने अवस्था आउन सक्छ । यो समस्या हेरेर आंशिक मूल्य वृद्धि र आंशिक घाटापूर्तिको नीति लिनुपर्ने निगमका अधिकारीहरूको भनाइ छ ।

'अहिले हामी पेट्रोलमा १५ दिनमै डेढ अर्बभन्दा बढी घाटामा छौं,' भट्टराईले भने, 'थोरै घाटा त व्यवस्थापन गर्न सक्छौं, तर अहिले त थामिनसक्नु भयो ।' उनले अगाडि भने, 'पहिला समायोजनले मात्र पुग्थ्यो, अब त्योसँगै रकम व्यवस्थापन हुनुपऱ्यो । हामीलाई कि सरकारले आफैं पैसा दिनुपऱ्यो, कि जमानीमा बसेर वित्तीय संस्थाबाट ऋण दिलाई दिनुपऱ्यो ।' विगतमा पनि निगम दस वर्ष निरन्तर घाटामा जाँदा सरकारले कर्मचारी सञ्चय कोषबाट २० अर्ब र नागरिक लगानी कोषबाट १५ अर्ब रूपैयाँ ऋण उपलब्ध गराएको थियो ।

२०६१ देखि २०७१ सम्मको निरन्तर घाटापछि करिब साढे पाँच वर्ष निमग फाइदामा रह्यो । मूल्य स्थिरीकरण कोषमा जम्मा भएको साढे १४ अर्ब त्यही नाफाको उपलब्धि हो । पछिल्लो एक वर्षदेखि भने फेरि लगातार घाटा भोग्नुपरेको निगमले जनाएको छ । सुरूआतमा हरेक महिना एकदेखि डेढ अर्ब घाटा थियो । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढ्ने क्रमसँगै चालू आर्थिक वर्ष निगमले २८ अर्ब घाटा बेहोरिसकेको छ । -साभार: सेतोपाटी


## श्री मालपोत कार्यालय मकवानपुरबाट

## मिति: २०७८/११/२० मा जारी भएको संशोधन सम्बन्धी हकदावी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला मकवानपुर हाल कैलाश गाउँपालिका ७ नम्बर वडा (साविक कालीकाटार गाविस वडा नं.-७) बस्ने ज.ध. कर्मी प्रजाले मेरो तपशिलको जग्गाको श्रेस्तामा तपशिलको विवरण फरक परेकोले सोलाई संशोधन गरी तपशिलमा उल्लेख भएअनुसार कायम गरी पुर्जाको प्रतिलिपीसमेत पाउँ भनी कार्यालयमा कैलाश गा.पा. ७ नं. वडा कार्यालयको च.नं. ३४५/२०७८/११/१३ को निवेदन, वडा सर्जमिन मुचुल्का संलग्न राखी द.नं. ९७७३ मिति २०७८/११/१२ मा कार्यालयमा निवेदन पेश गर्नु भएको,

**तपशिल**

जग्गाको विवरण

| क्र.सं. | गाविस | वडा नं. | कि.नं. | श्रेत्रफल (रोपनीमा) | कै. |
|---|---|---|---|---|---|
| १. | भार्ता | ४ | १३० | ४-३-२-२ | |

भएको र हुनु पर्ने विवरण

| क्र.सं. | भएको विवरण | हुनु पर्ने विवरण | कै. |
|---|---|---|---|
| १. | नाम- कर्मी प्रजा<br>ठेगाना- कालीकाटार-७, मकवानपुर<br>ना.प्र.प.नं.- उल्लेख नभएको<br>बाबु- जैतराम<br>बाजे- कंसराम<br>फोटो टाँस- नभएको | नाम- कर्मी प्रजा<br>ठेगाना- कालीकाटार-७, मकवानपुर (हाल कैलाश गा.पा.-७)<br>ना.प्र.प.नं.- १९२३/२०४०/१२२९, मक.<br>बाबु- तागर प्रजा<br>बाजे- कंसराम<br>फोटो टाँस- प्राप्त सिफारिस अनुसार | |

मिसिल संलग्न कागजात तथा वडा कार्यलयको सिफारिसको अध्ययन गर्दा जग्गाधनीको बाबुको नाम फरक परेको, ना.प्र.प.नं./जारी मिति उल्लेख नभएको, सक्कल पुर्जा पेश भएको नदेखिएको र फोटो टाँस समेत नभएकोले हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशित गरी सूचना टाँसको जानकारी तथा सूचना प्रकाशित भएको पत्रिका प्राप्त भई म्याद भुक्तान भए पछि पेश गर्नु भनि कार्यालयबाट भएको आदेश बमोजिम यो पैंतिस दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत: निज जग्गाधनी कर्मी प्रजाको बाबुको नाम, नागरिकता नम्बर र जारी मिति निजको मागदाबी बमोजिम संशोधन गरी पुर्जाको प्रतिलिपी उपलब्ध गराउन नहुने कुनै कारण भए यो सूचना प्रकाशित भएको पैंतिस दिनभित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण उपस्थित हुन आउनु होला । अन्यथा निवेदकको मागदाबी निवेदन बमोजिम संशोधन भई पुर्जाको प्रतिलिपी उपलब्ध गराइने छ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

*ईति संवत २०७८ साल फागुन महिनाको २० गते रोज ६ शुभम्..................................*


# आईसीसी विश्वकप लिग-२ खेल्न जाने नेपाली टोलीको बिदाइ

काठमाडौं/युनाइटेड अरब इमिरेट्स (यूएई)मा हुने आईसीसी विश्वकप क्रिकेट लिग-२ खेल्न जाने खेलाडीलाई नेपाल क्रिकेट संघले शुक्रबार बिदाइ गरेको छ ।

युवा तथा खेलकुदमन्त्री महेश्वरजंग गहतराजले एक कार्यक्रममा टिमलाई बिदाइ गरेका हुन् । मन्त्री गहतराजले आईसीसी ट्वान्टी-२० विश्वकपमा छनोट हुन नसके पनि खेलाडीलाई निराश नहुन आग्रह गरे । उनले असफलता नै सफलताका लागि पाइला भएको बताए ।

"खेलाडीले म देशका खेल्न आएको हुँ र मेरो पुर्खा गोर्खा हो भनी सम्झेर खेल्नुपर्छ । त्यसले तपाईंको मनोबल बढाउन मद्दत गर्छ," मन्त्री गहतराजले भने ।

यूएई जानुअघि नेपाली टिमले श्रीलंकामा कबव एक साता प्रशिक्षण गर्नेछ । त्यसका लागि नेपाली टोली शनिबार श्रीलंका जान लागेको हो । क्यानले यसअघि नेपाली टोली फागुन १९ गते नै श्रीलंका जाने भनेको थियो । तर अन्तिममा समय परिवर्तन भएको थियो ।

श्रीलंकामा नेपाल त्यहाँको फस्ट क्लास टिमसँग चार वटा अभ्यास खेल खेल्ने क्यानले जनाएको छ । नेपाली टोली श्रीलंकाबाट सिधै यूएई जानेछ । श्रीलंकाबाट फागुन ३० गते यूएई जाने छ ।

बिदाइका क्रममा क्यानका कोषाध्यक्ष रोशन सिंहले टिमको मनोबल बढाउनका लागि आफूहरूले कुनै कसर बाँकी नराख्ने बताए । "टिम विश्वकप छनोट भएर आउछ भन्ने सोचेका थियौं । तर दुर्भाग्य हामि सफल भएनौं ।

एउटा विश्वकप सकिए पनि अर्को विश्वकप छनोट हुने विश्वास हामिले गरेका छौं," कोषाध्यक्ष रोशन सिंहले भने, "खेलाडीको कुरालाई हामीले गम्भीरताका साथ लिएका छौं । तपाईंहरूको मागलाई हामी सम्बोधन गर्नेछौं ।" ओमानमा सप्पन्न आईसीसी ट्वान्टी-२० विश्वकपको ग्लोबल क्वालिफायरमा यूएईसँग सेमिफाइनलमा पराजित भएपछि नेपालको विश्वकप खेल्ने सपना समाप्त भएको थियो ।

ओमानबाट फर्किएपछि आईसीसी विश्वकप क्रिकेट लिग-२ का नेपालका मुख्य प्रशिक्षक पुबुदु दासानायकेले पहिलो चरणमा २० खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाएका थिए । जसमा ओमान भ्रमणमा रहेका सात खेलाडी यो टिममा समावेश गरिएको थिएन ।

नेपालले आईसीसी विश्वकप क्रिकेट लिग-२ मा चैत दुई गते पपुवा न्युगिनी (पीएनजी)विरुद्ध खेल्नेछ । फागुन ४ गते घरेलु टोली यूएईविरूद्ध खेल्नेछ । चैत ७ गते पुन यूएईविरुद्ध दोस्रो खेल खेल्नेछ । चैत ८ गते पीनजीविरुद्ध दोस्रो खेल खेल्नेछ । -साभार: बाह्रखरी

# अर्थमन्त्री फेर्ने प्रधानमन्त्रीको तयारी !



काठमाडौं/अर्थमन्त्री जनार्दन शर्माको कार्यशैलीप्रति प्रधानमन्त्री शेरबहादुर देउवा असन्तुष्ट बनेका छन् । अर्थतन्त्र सुधारका काम गर्न नसकेको र संकटकालीन अर्थतन्त्र माथि उठाउन कुनै चिन्ता नलिएको भन्दै प्रधानमन्त्री देउवाले आफू निकटहरूसँग असन्तुष्टि जाहेर गर्न थालेका हुन् । प्रधानमन्त्री निकटस्थहरूले देउवालाई अर्थमन्त्री परिवर्तन गरेर अर्थतन्त्रको ज्ञान भएकै व्यक्तिलाई अर्थ मन्त्रालयको जिम्मेवारी दिन सुझाव दिइरहेका छन् । देउवाले भने माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग परामर्श गरेर निर्णय लिने तयारी गरेको देउवा निकट स्रोत बताउँछ । 'उहाँ (जनार्दन शर्मा)मा अर्थतन्त्रको पर्याप्त ज्ञान नभएको र जानेका व्यक्तिसँग परामर्श गरेर अघि बढ्ने स्वभाव पनि नभएका कारण अर्थमन्त्री परिवर्तन गर्नुपर्ने आवश्यकता देखिएको छ । प्रधानमन्त्रीले चाँडै माओवादी केन्द्रलाई परराष्ट्र मन्त्रालय दिएर भएपनि अर्थ मन्त्रालयमा अर्कै व्यक्तिलाई पठाउन सक्नुहुन्छ,' स्रोतले भन्यो, 'प्रचण्डजीले मान्नुभएन भने पनि उहाँकै पार्टीबाट अर्थतन्त्र बुझेको व्यक्ति पठाउन प्रधानमन्त्रीले भन्नुहुने छ ।'

अर्थमन्त्री शर्माले अर्थमन्त्रालयकै विज्ञ कर्मचारीसँगसमेत परामर्श नगरी निर्णय लिने गरेको, मातहतका निकायका पदाधिकारीसँग एक्लै छलफलमा बस्ने गरेको तथा जुनियर कर्मचारीको सरुवामासमेत चासो राख्ने गरेको भन्दै अर्थ मन्त्रालयका अधिकारीहरूसमेत असन्तुष्ट छन् ।

अर्थमन्त्री शर्माले सेयर बजारका विषयमा दिएका अभिव्यक्तिको पनि चर्को आलोचना भएको थियो । यसअघि ऊर्जा मन्त्रालयमा सफल छवि बनाएका शर्मा अर्थ मन्त्रालयमा आएपछि छवि सुधार हुन सकेको छैन । -साभार: बाह्रखरी

# सरकारले ९ दिन सार्वजनिक विदा थप्यो

वीरगञ्ज/आगामी वर्षका लागि सरकारले चाडपर्व बिदा नौ दिन थप गरेको छ । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले गृह मन्त्रालयको प्रस्तावअनुसार विभिन्न पर्वमा बिदा थप्ने निर्णय गरेको हो ।

मन्त्रिपरिषद्को निर्णयसँगै आगामी वर्षदेखि दसैं बिदा द्वादशीसम्म हुनेछ । यसअघि टीकाको भोलिपल्ट (एकादशी)सम्म मात्र बिदा दिइन्थ्यो । त्यस्तै, तिहारमा भाइटीकाको भोलिपल्ट पनि बिदा हुने भएको छ । थपिएका अन्य बिदामा क्रिसमस, उधौली र उभौली तथा मोहम्मद जयन्ती रहेका छन् । त्यसैगरी, तमु, सोनाम र ग्याल्पो ल्होसारमा पनि बिदा दिने निर्णय भएको छ । यो वर्ष पनि मन्त्रिपरिषद्का निर्णयका आधारमा यी चाडपर्वमा बिदा दिइएकोमा आगामी वर्ष भने बिदासम्बन्धी सूचनामै यसलाई समेट्ने निर्णय भएको छ । यद्पी, तराई-मधेशको सबैभन्दा ठूलो पर्व छठमा अहिले पनि सरकारले एक दिन मात्र विदा दिने गरेको छ । विभिन्न विधि मार्फत चार दिनसम्म मनाइने छठका लागि कम्तिमा पनि २ दिन विदा हुनुपर्ने माग उठ्दै आएको छ ।

-साभार: यात्रा डेली

# १२६ संक्रमित, एकको मृत्यु

काठमाडौं/पछिल्लो २४ घण्टामा थप १२६ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ भने १ जनाको मृत्यु भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार ७ हजार ९१ जनाको पीसीआर परीक्षण गर्दा १११ जना र १ हजार ८४२ जनाको एन्टीजेन परीक्षण गर्दा १५ जना गरी १२६ जनामा संक्रमण पुष्टि भएको हो । पछिल्लो २४ घण्टामा ३८५ जना कोरोना संक्रमणमुक्त भएका छन् भने हाल ७ हजार २४२ जना संक्रिय संक्रमित रहेका छन् । जसमध्ये ७ हजार ९९ जना होम आइसोलेसनमा रहेका छन् भने १४३ जना संस्थागत आइसोलेसनमा रहेका छन् । कोरोनाका बिरामीमध्ये ५४ जना आईसीयू र १० जना भेन्टिलेटरमा उपचाररत् छन् ।

शुक्रबार थपिएसँगै नेपालमा कोरोना संक्रमितको कुल संख्या ११ लाख १६ हजार ८८७ पुगेको छ । योसँगै नेपाल मृत्यु हुनेको संख्या ११ हजार ९४५ पुगेको छ भने ९ लाख ५८ हजार १९३ जना संक्रमणमुक्त भएका छन् । यस्तै १० वर्ष मुनिका ४ बालबालिकामा कोरोना संक्रमण पुष्टि भएको छ भने ११ देखि २० वर्ष उमेर समूहका ८ जना कोरोना संक्रमित थपिएका छन् ।

*-साभार: अनलाईनखबर*


**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# कांग्रेस मकवानपुरको कार्यसमितिले पायो पूर्णता

साझाकुरा संवाददाता



हेटौंडा, २० फागुन/ नेपाली कांग्रेस मकवानपुरको कार्यसमितिले पूर्णता पाएको छ ।

१५ गतेबाट सुरु भएको जिल्ला अधिवेशनको अन्तिम मत परिणाम सार्वजनिक भएसँगै जिल्लामा निर्वाचित कार्यसमितीले पूर्णता पाएको हो । यसअघि सभापति र पदाधिकारीको मत परिणाम सार्वजनिक भएपनि जिल्ला सदस्यहरुको भने बाँकी थियो । तर, विहीबार जिल्ला सदस्यहरुको पनि मत परिणाम सार्वजनिक भएको छ ।

त्यस्तैगरी, महासमिति सदस्यहरु पनि मनोनित भइसकेका छन् । सार्वजनिक भएको अन्तिम मतपरिणामअनुसार कांग्रेस मकवानपुरको आदिवासी जनजाति खुलातर्फ जिल्ला सदस्यमा ईश्वर कुमार रुम्बा (७९४), कालु घलान (९२७), गोपीराम बल (६६७), विरोध मोक्तान (६३७), राजकुमार गोले (८२३) र राजकुमार वाइबा (७५६) बिजयी भए । आदिवासी जनजाति खुलातर्फका उम्मेदवारहरु ईश्वरलाल श्रेष्ठ (५५७), दीपककुमार नगरकोटी (४७३), फुलमान श्रेष्ठ (४९१), माणिकलाल मोक्तान (६२१), योगेन्द्रमान श्रेष्ठ (५३३) र राजकुमार बलामी (५४५) पराजित भए ।

खसआर्य महिलातर्फ प्रमिला खतिवडा (७५३), सन्चिता सिग्देल 'ममता' (७४१) बिजयी हुँदा देवकुमारी बस्नेत (६६९) र राजुमैयाँ कार्की (४९२) पराजित भए ।

खसआर्य खुलातर्फ ईन्द्रकुमार बर्तौला (४९८) र होमनाथ गौतम (५१४) बिजयी हुँदा आलोकराज पौडेल (२३६), विष्णुप्रसाद ढुंगाना (३४९), यादवराज उप्रेती (२९२), शिवप्रसाद खनाल (४४६), शिवबहादुर थापा (४४७) पराजित भए । आदिवासी जनजाति महिलातर्फ कृति ग्यालन (८९१), गीता राई (७०६), निर्मला गोले (७५८), शर्मिला श्रेष्ठ (७८५) र सञ्जु थापामगर (७१४) बिजयी भए भने भवानी प्रधान (४८८), मन्जुमाया भुलुन (६२०) र शान्तिमाया थिङ (६६८) पराजित भए ।

हेटौंडा उपमहानगर पालिकाको खुलातर्फ ईश्वर पण्डित (५५२), धीरेन्द्र लामा (४८९), शैलेन्द्रराज बानियाँ (६३९) विजयी भए । उपमहानगरतर्फका उम्मेदबारहरु कपिल अर्याल (२९९), गणेशहरि उप्रेती (२८३), गोपालप्रसाद दुलाल (३२६), चुडाप्रसाद उप्रेती (४१२), पूर्णप्रसाद पुडासैनी (२१०), बिष्णुबहादुर दाहाल (२६०), रामप्रसाद अधिकारी (१९७) र सुनिल अधिकारी (३८०) पराजित भए ।

हेटौंडा उपमहानगर पालिका महिलातर्फ जिल्ला सदस्यमा ताराकुमारी राई कार्की (१०३१), सोममाया मोक्तान (७१३) बिजयी हुँदा रीताकुमार घिमिरे (५६३) र सुशीला न्यौपाने (४२६) पराजित भए ।

थाहा नगरपालिका महिलातर्फ सुनमाया भोम्जन निर्बिरोध भएकी छन् । थाहा नगरकै खुलातर्फ नवराज लामा (८८१) र भीमबहादुर भोम्जन (७७४) बिजयी हुँदा नविन अधिकारी (३६०), पदमसिंह खड्का (२९१) र राजभाई गोपाली (५३३) पराजित भए ।

कैलाश गाउँपालिका महिलातर्फ मीना गुरुङ (६५२) बिजयी भएकी थिइन् भने लालिमाया योञ्जन (६३२) पराजित भइन् । कैलाश गाउँपालिकाकै खुलातर्फ उदासकुमार भ्लोन (७७६) निर्वाचित हुँदा बुद्धिबहादुर घलान (६१५) पराजित भए ।

राक्सिराङ गाउँपालिकाको महिलातर्फ बच्चीमाया नेगी सर्वसम्मत भएकी छन् भने खुलातर्फ जयबहादुर तितुङ (५९२) बिजयी हुँदा अशोक घलान (५०४) र छत्रबहादुर तामाङ (३४१) पराजित भए ।

मनहरी गाउँपालिकाको महिलातर्फ अम्बिकाकुमारी घिमिरे अधिकारी (७०७) निर्वाचित हुँदा कमला मैनाली (६१५) पराजित भइन् । खुलातर्फ भने चन्द्रबहादुर न्यौपाने (६८३) विजयी हुँदा रामचन्द्र कालाखेती (६८८) पराजित भए ।

बागमती गाउँपालिका महिलातर्फ जिल्ला सदस्यमा सुनिता राई (७८३) बिजयी हुँदा मनमाया नेपाली (७१७) पराजित भइन् । बागमतीकै खुलातर्फ शेरबहादुर रानामगर 'क्षितिज' निर्बिरोध चयन भएका छन् ।

बकैया गाउँपालिकाको महिलातर्फ चमेली लामा डिम्डुङ (९१९) बिजयी हुँदा डम्बरकुमारी गिरी (४६०) पराजित भइन् । खुलातर्फ भने सेतेमान बल निर्बिरोध भएका थिए ।

मकवानपुरगढी गाउँपालिका महिलातर्फ भीमकुमारी न्यौपाने निर्बिरोध चयन भएकी छन् । खुलातर्फ माधवप्रसाद न्यौपाने (८२५) बिजयी हुँदा रामजीप्रसाद न्यौपाने (६०९) पराजित भए ।

भीमफेदी गाउँपालिका महिलातर्फ संगिता रानामगर (९३०) बिजयी हुँदा निर्मला श्रेष्ठ (४५४) पराजित भइन् । खुलातर्फ अर्जुनप्रसाद पुडासैनी (७६४) बिजयी भएका थिए भने नमराज बर्तौला (६१५) पराजित भएका थिए ।

ईन्दसरोवर गाउँपालिका महिलातर्फ निर्मला रुम्बा र खुलातर्फ बिष्णुकुमार कार्की निर्बिरोध चयन भएका थिए ।

त्यस्तैगरी, जिल्ला अधिवेशनबाट दुईवटा प्रतिनिधिसभा क्षेत्रबाट २२ जना महासमिति सदस्य निर्बिरोध निर्वाचित भएका छन् । जसमा प्रतिनिधिसभा क्षेत्र नम्वर १ बाट खुल्ला महिलातर्फ उर्मिला पुलामी र पवित्रा विक, खुल्लातर्फ ईन्द्रबहादुर बानियाँ, दिनेश उपाध्याय, प्रभातकुमार दाहाल, माइकल रामचन्द्र अर्याल र रघुरमण न्यौपाने निर्विरोध निर्वाचित भएका छन् । सोही क्षेत्रमा आदिवासी महिलातर्फ लक्ष्मी श्रेष्ठ, आदिवासी खुल्लातर्फ अशोकराज शाक्य र सुवातसिंह थिङ र खसआर्यतर्फ राधा कोइराला निर्बिरोध निर्वाचित भएका छन् ।

त्यसैगरी, प्रतिनिधिसभा क्षेत्र नम्वर २ को खुल्ला महिलातर्फ उमा दाहाल र शान्ताकुमारी विक, खुल्लातर्फ जयराम लामिछाने, टेकनाथ शिवाकोटी, बुद्व लामा, भरत लामा र सन्तबहादुर प्रजा छन् । आदिवासी महिलातर्फ निर्मला हिम्डुङ, आदिवासी खुल्लातर्फ चित्रबहादुर थापा र सूर्यबहादुर रुम्बा र खस आर्यतर्फ राजेश भेटवाल निर्बिरोध निर्वाचित भएका हुन् ।


कांग्रेसको सभापति पदमा बुद्ध लामा, उपसभापतिमा धर्म लामिछाने र आनन्द कठायत, सचिवमा भीमसेन महत र ईश्वर कुमार पाठक तथा सहसचिवमा ईन्दिरा न्यौपाने र ताराचन्द्र बजगाईं 'निशान' विजयी भएका थिए । अब कार्यसमितिले निर्वाचित सदस्यहरुबाट एक कोषाध्यक्ष र एक प्रवक्ताको जिम्मेबारी दिनेछ भने १० जनालाई जिल्ला सदस्यमा मनोनित गर्न सक्नेछ ।

## दुई जनामा कोरोना पुष्टि

हेटौंडा, २० फागुन/ मकवानपुरमा शुक्रबार दुई जनामा कोरोना संक्रमण पुष्टि भएको छ । स्वास्थ्य कार्यालय मकवानपुरले उपलब्ध गराएको तथ्याङ्कअनुसार शुक्रबार दुई जनामा कोरोना संक्रमण पुष्टि भएको हो । शुक्रबार ४० जनाको पीसीआर र एन्टिजेन विधिबाट कोरोना परीक्षण गर्दा दुई जनाको रिपोर्ट पोजिटिभ आएको कार्यालयले जनाएको छ । त्यस्तैगरी, शुक्रबार एक जना संक्रमण मुक्त भएका छन् ।


## हार्दिक बधाई तथा शुभकामना


बुद्ध लामा (सभापति)


धर्म लामिछाने (उपसभापति)

नेपाली काँग्रेस मकवानपुर जिल्ला अधिवेशनबाट यस सहकारी संस्थाका शेयर सदस्यहरु क्रमशः सभापति पदमा श्री बुद्ध लामा, उपसभापतिमा श्री धर्म लामिछाने, आदिवासी जनजाति खुला सदस्य श्री राजकुमार गोले, खसआर्य महिला सदस्य श्री प्रमिला खतिवडा, खसआर्य खुला सदस्य श्री ईन्द्रकुमार बर्तौला र श्री होमनाथ गौतम, आदिवासी जनजाति महिला सदस्य श्री कृति ग्यालन, श्री शर्मिला श्रेष्ठ र श्री सञ्जु थापामगर, हेटौंडा उपमहानगरपालिका खुला सदस्य श्री ईश्वर पण्डित र श्री शैलेन्द्रराज बानियाँ, हेटौंडा उपमहानगरपालिका महिला सदस्य श्री ताराकुमारी राई कार्की र श्री सोममाया मोक्तान, थाहानगरपालिका खुला सदस्इ श्री नवराज लामा र श्री भीमबहादुर भोम्जन, मनहरी गाउँपालिका खुला सदस्य श्री चन्द्रबहादुर न्यौपाने, बागमती गाउँपालिका महिला सदस्य श्री सुनिता राई, बागमती गाउँपालिका खुला सदस्य श्री शेरबहादुर रानामगर 'क्षितिज', ईन्द्रसरोबर गाउँपालिका महिलातर्फ श्री निर्मला रुम्बा र ईन्द्रसरोबर गाउँपालिका खुला सदस्य श्री विष्णुकुमार कार्की तथा पार्टीको महाधिवेशन प्रतिनिधिमा यस संस्था सदस्यहरु प्रतिनिधिसभा क्षेत्र नम्वर १ बाट खुल्ला महिलातर्फ श्री उर्मिला पुलामी र श्री पवित्रा विक, खुल्लातर्फ श्री ईन्द्रबहादुर बानियाँ, श्री दिनेश उपाध्याय, श्री प्रभातकुमार दाहाल, श्री रामचन्द्र अर्याल 'माइकल' र श्री रघुरमण न्यौपाने, आदिवासी महिलातर्फ श्री लक्ष्मी श्रेष्ठ, आदिवासी खुल्लातर्फ श्री अशोकराज शाक्य र श्री सुवातसिंह थिङ र खसआर्यतर्फ श्री राधा कोइराला तथा प्रतिनिधिसभा क्षेत्र नम्बर २ को खुल्ला महिलातर्फ श्री उमा दाहाल र श्री शान्ताकुमारी विक, खुल्लातर्फ श्री जयराम लामिछाने, श्री टेकनाथ शिवाकोटी, श्री बुद्व लामा, श्री भरत लामा र श्री सन्तबहादुर प्रजा, आदिवासी महिलातर्फ श्री निर्मला हिम्डुङ; आदिवासी खुल्लातर्फ श्री चित्रबहादुर थापा र श्री सूर्यबहादुर रुम्बा र खसआर्यतर्फ श्री राजेश भेटवाल निर्बिरोध निर्वाचित हुनुभएकोमा हार्दिक बधाई दिँदै उहाँहरुको कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

डा. गणेशबहादुर बल लामा (अध्यक्ष) एवम्
**श्री दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि., परिवार**
हेटौंडा-२, मकवानपुर


# बोलेकै कारण हुने मानव अधिकार हनन्का घटनामा कमि: *मुख्यमन्त्री पाण्डे*

साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले बोलेकै आधारमा राज्यपक्षबाट मानव अधिकार नै हनन् हुने प्रकृतिका घटनामा कमि आएको बताएका छन् ।

मानवअधिकार आयोग नेपालको आयोजनामा हेटौंडामा शुक्रबारबाट सुरु भएको मानवअधिकार रक्षकहरुको प्रादेशिक सम्मेलन उद्घाटन गर्दै मुख्यमन्त्री पाण्डेले पछिल्लो समय नागरिकले बोलेकै कारण सरकारबाट मानव अधिकार हनन् हुने घटनामा कमि आएको बताएका हुन् ।

उनले समाजमा विभेदका घटना रहेसम्म मानवअधिकार हनन्का घटनाले निरन्तरता पाउनेसमेत बताए । मुख्यमन्त्री पाण्डेले समाजमा हुने विभेदका घटनाहरुको निरन्तरता रहेसम्म मानवअधिकार हनन्का घटना भइरहने बताए । समाजमा हुने पुरुष र महिलाबीचको विभेद, जातीय विभेद, धार्मिक तथा साम्प्रदायिक विभेद र रङ्गका आधारमा हुने विभेद, विभिन्न कुरीति कूसंस्कृति तथा परम्परा र छुवाछुतका घटना जारी रहेसम्म मानवअधिकार हनन्का घटना पनि जारी नै रहने उनको भनाइ छ ।

यस्ता घटनाहरूको विरुद्धमा विगतमा जस्तै आज पनि मानव अधिकारका रक्षकहरुको भूमिकालाई थप सशक्त बनाउनुपर्ने मुख्यमन्त्री पाण्डेले बताए । उनले मानवअधिकार रक्षकहरुको धारणा पनि फरक हुनुपर्ने बताए । 'कुनै कारणबस द्वन्द्वको अवस्था आयो र राज्यले बल प्रयोग गरेर गोली चलाउँदा कसैको मृत्य भयो भने हामी सबैको ध्यान राज्यले मानवअधिकार माथि प्रहार गऱ्यो भन्नेमा जान्छ तर, एउटा गाउँमा स्वास्थ्य समस्याबाट सयौं मानिस मर्दा पनि हाम्रा मानवअधिकार रक्षकको ध्यान जाँदैन किन ? यो अवस्था सुधार गर्नुपर्छ । अलि फरक धारणा लिनुपर्छ', मुख्यमन्त्री पाण्डेले भने ।

विगतका राजनीतिक आन्दोलनहरुमा आमजनताहरुसंग आफूसहित अन्य राजनीतिज्ञहरुले मोर्चाको नेतृत्व गर्दै आएकोले सबै मानवअधिकार रक्षक भएको उनको भनाइ छ । समाजमा भएका कुरीतिहरुको विरुद्धमा बोल्नु नै असल मानवअधिकार रक्षकको कर्म भएपनि पछिल्लो समय भोटको राजनीतिका कारण हामी गलतलाई गलत भन्न नसक्ने अवस्थामा पुगेको उनले बताए । 'समाजमा भएका कुरीति, कुसंस्कृति र प्रथा परम्पराको विरोधमा बोल्नु असल मानवअधिकार रक्षक कर्म हो । तर, अहिले भोटको राजनीति चलेको छ । अहिले भोट कम आउँछ की भनेर हामी गलतलाई गतल भन्न नसक्ने अवस्थामा पुगेका छौं', उनले भने ।

## फागुन २८ गतेदेखि प्रदेश खेलकुद

साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेशले प्रथम प्रदेश खेलकुद प्रतियोगिताको आयोजना गर्ने भएको छ ।

हेटौंडामा शुक्रबार पत्रकार सम्मेलनको आयोजना गर्दै परिषद्ले पहिलोपटक प्रदेशभरका खेलाडीलाई प्रोत्साहन गर्न प्रतियोगिताको आयोजना गर्न लागिएको जनाएको हो । परिषद्का सदस्य सचिव सूर्यलाल भण्डारीले फागुन २८ गते हेटौंडामा एक समारोहबीच प्रतियोगिताको उद्घाटन गरिने जानकारी दिए ।

उनका अनुसार फागुन २८ गतेबाट प्रदेशको पाँचवटा जिल्लामा नौ वटा प्रतियोगिताहरु आयोजना हुने बताए । उनका अनुसार चैतको १२ गतेसम्म हुने प्रतियोगितामा पुरुष फुलबल, व्याडमिन्टन, क्रिकेट, तेक्वान्दो, भलिबल, कराँते, एथलेटिक्स, महिला फुटबल र बक्सिङ प्रतियोगिता हुनेछ ।

करिब आठकरोड चार लाख खर्चिएर आयोजना गर्न लागिएको प्रतियोगितामा दुईहजारभन्दा बढी खेलाडीले सहभागिता जनाउने अपेक्षा गरिएको भण्डारीले सुनाए । खेलको उद्घाटन २८ गते मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले गर्नुहुने हेटौंडामा गर्नेछन् भने चैतको १२ गते प्रतियोगितको समापन काभ्रेको धुलिखेलमा हुने जनाइएको छ ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई नगद, शिल्ड र प्रमाणपत्र प्रदान गरिनेछ । प्रतियोगितामा भाग लिने खेलाडीहरुको प्रतिव्यक्ति ३० लाख रुपियाँको बीमासमेत गरिने भण्डारीको भनाइ छ ।

## फुटबल खेलाडी छानिए

हेटौंडा, २० फागुन/ प्रथम प्रदेश खेलकुद प्रतियोगिता अन्तर्गत् मकवानपुरका पुरुष फुटबल खेलाडी छनौट भएका छन् ।

प्रशिक्षक बिजयलाल श्रेष्ठका अनुसार अमीर श्रेष्ठ, समिराज थोकर, अनिष देउला, गगन सिलवाल, सन्जीब अर्याल, मनोज बिष्ट, सुनिल घलान, विवेक गुरुङ, आकाश कटुवाल, मनोज घलान, पाल्देन लामा, अनिश महर्जन, ललित चौलागाई, गोपी भट्टराई, सुजन खड्गी छनौट भएका छन् । छनौट हुने अन्य खेलाडीहरुमा थाहानगरबाट सुमन विष्ट र राजन गोले, भीमफेदीबाट अर्पन लामा, मनहरीबाट अबिनास खड्का र सुदीप सापकोटा छानिएका हुन । प्रदेश खेलकुद यही फागुन २८ गते हेटौंडामा उद्घाटन हुने र २९ गतेदेखि फुटबल प्रतियोगिता हुने भएको छ ।


**पार्टी गर्दै हुनुहुन्छ ?**

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकार का पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)




**कर्मचारी आवश्यकता**

**कम्पनीको नाम: गार्डेन मार्ट डिपार्टमेन्ट स्टोर**
**स्थान:** हेटौंडा-४, पारिजातपथ
**पद :** फ्लोर्स सेल्स एण्ड वायरहाउस किपर
**तलब :** फ्लोर सेल्सको लागि १२,५००।- प्रतिमहिना
**तलब :** वायरहाउस किपरको लागि १५,०००।- प्रतिमहिना
**योग्यता:** फ्लोर सेल्सको लागि +२ उत्तीर्ण
**योग्यता:** वायरहाउस किपरको लागि स्नातक उत्तीर्ण
**आवश्यक संख्या:** फ्लोर सेल्समा २ पुरुष/ २ महिला
**आवश्यक संख्या:** वायरहाउस किपरमा १ जना ।
**सम्पर्क मोबाइल नम्बर:**
०५७-५९०३७२/५९०३७०

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.


**डबल ब्ल्याक खाजा**

**स्वादिष्ट परिकारहरू:**
☞बफ म:म:, ससेज, चाउमिन र खाजा सेट
☞चिकेन म:म:, ससेज, लेगपिस र चाउमिन
☞बफ सुकुटी र छोयला
☞हल्का पेय पदार्थ
☞भेज चाउमिन



**ओपाज**
कफि पिउँदा
स्कुटी-१ प्लस मोबाइल र नगद रु.५०,०००।-, २०,०००।-, १०,०००।- ३ जनालाई, रु.५,०००।- ३ जनालाई र रु.३,०००।- ५ जनालाई पुरस्कार ।

**डबल ब्ल्याक खाजा**
हेटौंडा-२, चौकीटोल ९८५५०२८१९६, ९८४५०३०३४३
प्रो. भुलेन्द्र प्रसाद श्रेष्ठ, किशोरकुमार ढुङ्गेल



**खुल्यो ! खुल्यो**
नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै
लोकल कुखुरा लगायत मासुको आइटमको मीठो स्वाद
*अब होटल म्याक्समा*
**होटल MAX**
हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७

**www.sajhakuranews.com**
साझाकुरा
"तपाईं, हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना